बागमती प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

# जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोक

## प्रकोप तथा महामारी निगरानी मासिक बुलेटिन

बुलेटिन सङ्ख्या: ९

आर्थिक बर्ष: २०८२/८३ | महिना: चैत्र | प्रकाशित मिति: २०८३/०१/१०

## मुख्य झलकहरु:




(श्रोत: DHIS2, EWARS (तथ्याङ्क लिएको मिति: २०८३/०१/१०)

## महामारीजन्य रोगहरुको अवस्था

### १. डेंगी




(श्रोत: DHIS2) (तथ्याङ्क लिएको मिति: २०८३/०१/१०)

चैत्र २०८२ मा काभ्रे जिल्लामा जम्मा ८ डेंगु पोजेटिभ केसहरू देखिएका छन् । ५ जना डेंगु पोजेटिभ बिरामीहरु भुम्लु गाँउपालिका तथा ३ जना बिरामी बनेपा नगरपालिका बाट रिपोर्ट भएका छन्।

## २. स्क्रब टाइफस

चैत्र २०८२ मा काभ्रे जिल्लाको तथ्याङ्कअनुसार स्क्रब टाइफसका १० जना स्क्रब टाइफसका बिरामी रिपोर्ट भएको छ जस मध्य १ जना भुम्लु गाँउपालिका तथा ९ जना नगरपालिका बाट रिपोर्ट भएका छन्।

## ३. जिल्ला मा देखिएका अन्य स्वास्थ्य समस्याहरू

चैत्र महिनाको विवरणलाई फाल्गुन महिनासँग तुलना गर्दा काभ्रे जिल्लामा विभिन्न सरुवा रोगहरूको अवस्थाबारे फरक–फरक प्रवृत्ति देखिन्छ। Influenza-like Illness (ILI) का केस फाल्गुन महिनाको ३१५ बाट बढेर चैत्रमा ३३२ पुगेको छ। त्यस्तै Severe Acute Respiratory Illness (SARI) का केस १७ बाट घटेर १४ पुगेको छ जसले जाडो मौसमसँग सम्बन्धित जटिल रुघाखोकी, ज्वरो तथा श्वासप्रश्वास समस्या अलिक घट्दो क्रममा रहेको देखाउँछ। Acute Gastroenteritis (AGE) का केस २६३ बाट बढेर ३६२ मा पुगेको छ। यसले पानी तथा खाद्य स्वच्छतासँग सम्बन्धित समस्या अझै रहेको बुझिन्छ। डेङ्गीका केस ४ बाट बढेर ८ मा पुगेको छ भने स्क्रब टाइफस १३ बाट घटेर १० भएको छ, जसले यी रोगहरूको संक्रमण दरमा घट्दै आएको देखाउँछ। समग्रमा SARI र स्क्रब टाइफस जस्ता रोगहरूको घट्दो क्रम भएको तथा AGE, डेङ्गी र ILI मा केही बढि आएको देखिन्छ।

रोग/सिन्ड्रोम अनुसारको तुलनात्मक विवरण (महिनाः चैत्र,)

| रोगको नाम | फाल्गुन, २०८२ (अघिल्लो महिनामा) | चैत्र, २०८२ (यस महिनामा) | केसको संख्यामा भिन्नता |
|---|---|---|---|
| हैजा | ० | ० | ० ■ |
| डेङ्गी | ४ | ८ | ४ ■ |
| Acute Gastroenteritis | २६३ | ३६२ | ९९ ■ |
| SARI (Severe Acute Respiratory Illness) | १७ | १४ | ३ ■ |
| ILI (Influenza Like Illness) | ३१५ | ३३२ | १७ ■ |
| स्क्रब टाइफस | १३ | १० | ३ ■ |

*(श्रोतः DHIS2, EWARS (तथ्याङ्क लिएको मितिः २०८३/०१/१०)*

■ *केसको संख्या बढेको* ■ *केसको संख्या घटेको* ■ *केसको संख्यामा कुनै परिवर्तन नभएको*

# निगरानी तथा केस व्यवस्थापन सम्बन्धी गरिएका पहलहरु

**Scrub Typhus**

- समुदायमा स्वास्थ्य शिक्षा दिने तथा कीटनाशक औषधि छर्काउने कार्यक्रम सञ्चालन गर्ने
- शंकास्पद बिरामीको समयमै जाँच तथा उपचार गर्ने
- केसहरूको निगरानी र नियमित रिपोर्टिङ गर्ने

**Acute Gastroenteritis**

- स्थानीय तहसँग समन्वयमा खानेपानी उपभोक्ता समूहलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने
- ORS, जिंक तथा आवश्यक औषधिको उपलब्धता सुनिश्चित गर्ने र पियूष (पानी शुद्धिकरण सामग्री) को वितरण गर्ने
- डिहाइड्रेसन भएका बिरामीको समयमै उपचार र आवश्यक पर्दा रिफरल गर्ने
- खाद्य स्वच्छता तथा हात धुने बानीको प्रवर्द्धन गर्ने तथा नियमित पानी जाँचको सुविधा सुनिश्चित गर्ने

**Dengue**

- लामखुट्टेको प्रजनन स्थल (जमेको पानी) नष्ट गर्ने
- ज्वरो भएका बिरामीको समयमै पहिचान, उपचार र रिफरल गर्ने
- रोगको निगरानी, दर्ता तथा नियमित रिपोर्टिङ गर्ने

**आभार**

जनस्वास्थ्य कार्यालय, काभ्रेपलाञ्चोकले रोग निदान र व्यवस्थापनका लागि कार्यरत सबै सरकारी तथा निजी स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरूको योगदान प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछ।